**बेनीघाट रोराङ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड – ९** **संख्या – १** **मितिः २०८२ असार २५**

# भाग - १

## बेनीघाट रोराङ गाउँपालिका आर्थिक ऐन, २०८२

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड – ९** **संख्या – १** **मितिः २०८२ असार २५**

# बेनीघाट रोराङ गाउँपालिका आर्थिक ऐन, २०८२

**प्रस्तावनाः**

बेनीघाट रोराङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम वेनीघाट रोराङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बेनीघाट रोराङ गाउँपालिका आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि वेनीघाट रोराङ गाउँपालिका क्षेत्र भर लागू हुनेछ ।

**२. सम्पत्ती करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना (घर) मा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सम्पत्ती कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ती करको दर अनुसूची-१ (क) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ती कर प्रयोजनका लागि जग्गा र घरको मूल्यांकन दर अनुसूची- १ (ख) तथा घरको ह्रास कट्टीको दर अनुसूची-१ (ग) मा उल्लेख भए बमोजिम हुनेछ ।

**३. भूमि कर (मालपोत)** (१) गाउँपालिका क्षेत्रभित्रका जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असूल उपर गरिनेछ ।तर दफा (२) बमोजिम सम्पत्ती कर लगाईएको जग्गामा भूमि कर (मालपोत) लगाईने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

**४. घर जग्गा बहाल करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाईने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घर जग्गा वहाल करको दर अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**५. व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यबसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असूली गरिनेछ ।

(३) यस दफा बमोजिम लगाइने ब्यावसाय करको दर अनुसूची - ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** (कृषि तथा पशुजन्य वस्तुको व्यावसायकि कारोबारमा कर) १) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे बापत अनुसूची- **५** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः** (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची - ६ मा तोकिए बमोजिम हुनेछ ।

**८. विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने डिजिटल बोर्ड, साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची -७ मा तोकिए बमोजिम हुनेछ ।

**९. मनोरञ्जन करः** (१) गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्कः** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूची - ८ मा तोकिए बमोजिम हुनेछ ।

**११. ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्याफ्टिङ्ग शुल्कः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा

र्यााफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत अनुसूची - ९ मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. पुर्वाधार सेवाको उपयोग सेवा शुल्कः** (१) गाउँपालिकाले मलेखु ताल्ती (बेनीघाट रोराङ) सडकमा संचालन हुने सवारी साधनहरुमा अनुसूची - १० मा उल्लेख भए बमोजिमको दरमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सडक उपयोग तथा सरसफाई शुल्कः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक स्रोतको व्यवसायिक रुपमा उपयोग गरे बापत अनुसूची - ११ मा उल्लेख भए बमोजिमको दरमा सडक उपयोग तथा सरसफाई शुल्क लगाइने र असूल उपर गरिनेछ ।
तर दफा १८ को (१) वमोजिमको दहत्तर वहत्तर शेवा शुल्क संकलन भएको प्राकृतिक श्रोतमा सडक उपयोग तथा सरसफाई शुल्क लगाइने छैन ।

**१४. सेवा शुल्क दस्तुरः** (१) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका अनुसूची - १२ मा उल्लिखित स्थानीय पूर्वाधार वा सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा उल्लिखित दरमा सेवा शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

**१५. नक्सापास दस्तुरः** (१) गाउँपालिकाले गाउँपालिका भित्र निर्माण हुने घर टहराको नक्सापास गर्दा अनुसूची - १३ मा उल्लिखित दरमा नक्सापास दस्तुर लगाई असूल उपर गर्नेछ ।
(२) गाउँपालिका क्षेत्रका निर्माण सम्पन्न भै सकेका पूरानो संरचना अभिलेखिकरण गर्दा समेत अनुसूची - १३ मा उल्लिखित दरमा नक्सापास दस्तुर लगाई असूल उपर गर्नेछ ।

**१६. सिफारिस तथा प्रमाणित दस्तुरः** (१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथावडाकार्यालय मार्फत उपलब्ध गराउने सिफारिस, प्रमाणित, इजाजत जस्ता प्रशासनीक सेवामा अनुसूची - १४ मा उल्लिखित दरमा सिफारिस तथा प्रमाणित दस्तुर लगाई असूल उपर गर्नेछ।

**१७. पञ्जिकरण दस्तुरः** (१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडाकार्यालय मार्फत गरिने पञ्जिकरण दर्तामा अनुसूची - १५ मा उल्लिखित दरमा पञ्जिकरण दस्तुर लगाई असूल उपर गर्नेछ

**१८. बिक्री गर्न सक्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोला नाला वा अन्य सार्वजनिक स्थलबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परिक्षणबाट तोकिएको परिमाणमा संकलन हुने ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरुमा अनुसूची-१६ मा उल्लेख भए बमोजिमको दरमा दहत्तर वहत्तर शुल्क लगाई असुल उपर गरिनेछ ।
(२) गाउँपालिकाले नक्शापासका लागि आवश्यक निबेदन फाईल, वोलपत्र वा दरभाउ पत्र फाराम अनुसूची-१७ मा उल्लेख भए बमोजिमको दरमा विक्री गरि रकम असुल उपर गरिनेछ ।

(३) गाउँपालिकाले संचालन गरेको चाँपटार बाख्रा फार्मवाट उत्पादित खसी, वोका, वाख्रा, पाठी तथा मल अनुसूची- १८ मा उल्लेख भए बमोजिमको दरमा विक्री गरि रकम असुल उपर गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु विक्री गर्दा विक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम विक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिमको दहत्तर वहत्तर शुल्क यस ऐनमा उल्लेख भएको कुरा यसै ऐन बमोजिम र यसमा उल्लेख नभएकोमा बागमती प्रदेशको आर्थिक ऐन बमोजिम हुनेछ ।

(६) उपदफा (३) बमोजिमको वाख्राका पाठा/पाठी गाउँपालिकाले कार्यपालिकाको निर्णयानुसार आय आर्जनको लागि विभिन्न समुहमा निश्चित अनुदानमा हस्तान्तरण गर्न सक्नेछ ।

१९. **भाडामा लगाउन सक्ने**: (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तीमा अनुसूची-१९ मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ ।

२०. **दण्ड जरिवाना**: (१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तब्य भएको व्यक्ति वा संघसंस्थाले कर्तब्य पालना नगरेमा वा गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची - २० मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्न सक्नेछ ।

२१. **कर छुट**: (१) यस कार्यालयमा व्यावसाय दर्ता गरी विविध कारणले सञ्चालनमा नरहेका व्यावसायहरु नविकरण गरी सञ्चालन वा खारेजी गर्न चाहेमा दफा ५ वमोजिम लाग्ने व्यावसाय नविकरण शुल्कमा ५० प्रतिशत शुल्क छुट दिइ असुल उपर गरिनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ती, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरणःलाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) यस ऐनमा उल्लेखित करको दरमा परिवर्तन गर्न वा कर छुट दिन आवश्यक भएमा कार्यपालिकाले निर्णय गरि करको दरमा हेरफेर तथा छुट दिन सक्नेछ ।

२२. **निःशुल्क सेवा**: यस ऐनमा अन्यत्र जे सुकै लेखिएको भए तापनि जेष्ठ नागरिक विपन्न वर्ग उपचार सिफारिस, अदालतको कोर्ट फि मिनाहा सिफारिस, छात्रवृत्ति सिफारिस, जिल्ला जनस्वास्थ्य कार्यालयमा गरिने सिफारिसहरु, नाबालक परिचयपत्र सिफारिस, नेपाली नागरिकता प्रमाणत्र सिफारिस, आदिवासी जनजाती दलित प्रमाणित सिफारिस र राहत सम्बन्धीको सिफारिस तथा

प्रमाणित र वडा कार्यालयबाट कार्यपालिकाको कार्यालय समक्ष गरिने सिफारिसहरु निःशुल्क गरिने छ ।

२३. **कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपलिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भएपछि लागु हुनेछ ।

२४. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

अनुसूची-१ (क)
(दफा २ को उपदफा (२) संग सम्वन्धित)
सम्पत्ती करको दर

| **सम्पत्तिको मूल्य** | **बार्षिक दर** |
|---|---|
| दश लाख रुपैयाँ सम्मको मूल्यांकनमा | एक मुष्ठ रु १०० |
| एघार लाख देखि पचास लाख रुपैयाँ सम्म | प्रति लाख रु ७ |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँ सम्म | प्रति लाख रु १० |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँ सम्म | प्रति लाख रु १२ |
| दुई करोड एक लाख रुपैयाँ देखि तिन करोड रुपैयाँ सम्म | प्रति लाख रु १५ |
| तिन करोड एक लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म | प्रति लाख रु १८ |
| पाँच करोड एक लाख वा सो भन्दा माथि | प्रति लाख रु २२ |

मुल्यांकन रकमलाई रु लाखमा (Round Figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।
नोटः

- सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति धनिले तोकिएको ढाँचामा सम्पत्तिको विवरण खुलाई गाउँपालिकाले तोकेको स्थानमा पेश गर्नुपर्दछ ।
- सम्पत्ति धनिले प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्ष भित्र भुक्तानी गरिसक्नु पर्नेछ ।
- करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनःकर निर्धारण गरी जरिबाना सहितको कर रकम असुल उपर गरिनेछ र यस्तो जरिबाना लुकाएको सम्पत्तिमा लाग्ने करको तेब्वर रकम बराबर हुनेछ ।
- बक्यौता कर (बक्यौता मालपोत तथा घर जग्गा वा घरधुरी कर समेत) भुक्तानी गर्दा बक्यौतामा करको प्रतिवर्ष पन्ध्र प्रतिशतले हुन आउने रकम वरावर जरिवाना लिई कर असुल उपर गरिनेछ।
- सम्पत्ती विवरण दाखिला गर्न तोकेको म्याद भित्र विबरण दाखिला नगर्ने करदातालाई तोकिएको दरमा विलम्ब शुल्क लाग्नेछ ।

अनुसूची- १ (ख)

(दफा २ को उपदफा (३) संग सम्वन्धित)

**जग्गाको मूल्यांकन दर**

मालपोत कार्यालय धादिङले रजिष्ट्रेशनपास निमित्त गाउँक्षेत्रमा निर्धारण गरेको न्युनतम मुल्याङकन (दररेट) र चलन चल्तीको स्वःघोषणा (मालपोतले गरेको भन्दा कम नहुने गरी) मुल्याङकन मध्ये जुनबढी हुन्छ सो रकम।

घरको मूल्यांकन दर

| **घरको बनोट** | **मूल्यांकन प्रतिवर्ग फिट रु.** |
|---|---|
| आर.सि.सि. फ्रेम स्टक्चर | २००० |
| सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | १२०० |
| सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | ८०० |
| प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | ७०० |
| जस्ता वा टायलको छाना भएको | ५०० |
| काठको घर | २०० |
| अन्य कच्ची घर | १०० |

नोटः माथि उल्लेखित बाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा वनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।

अनुसूची- १ (ग)

(दफा २ को उपदफा (३) संग सम्वन्धित)

**घरको ह्रास कट्टी दर**

| **वनोटको किसिम** | **ह्रासकट्टी दर** |
|---|---|
| आर.सि. सि. फ्रेम स्टक्चर भएको भवन वा गोदाम | वार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म |
| सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम | वार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म |
| सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भएको भवन वा गोदाम | वार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म |
| प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना भएको | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| जस्ता वाटायलको छानाभएको सेड | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| काठको वा अन्य कच्चि घर | वार्षिक १० प्रतिशतका दरले ९ बर्ष सम्म |

अनुसूची-२

(दफा ३ को उपदफा (२) संग सम्वन्धित)

**भूमी कर (मालपोत)**

| सि.नं. | जग्गाको किसिम | दर रु.(प्रति रो.) |
|---|---|---|
| १ | उद्योग/फर्मको नाममा भएको जग्गाहरु | ५०० |
| २ | राजमार्ग क्षेत्रका जग्गाहरु | १५० |
| ३ | वडा नं. ३, ५, ७, ९ को पृथ्वी राजमार्ग नजिक कच्चि सडकमा जोडिएको जग्गा | ८० |
| ४ | वडा नं. ३, ५, ७, ९ का राजमार्ग वाट १ कि.मी भन्दा टाढाको कच्चि सडकमा जोडिएको जग्गा | ५० |
| ५ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले छोएका जग्गाहरु | ५० |
| ६ | वडा नं. ३, ५, ७, ९ को सडकमा नजोडिएको जग्गा | ४० |
| ७ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले नछोएका जग्गाहरु | ३० |
| ८ | प्रति रसिद न्यूनतम् रु. ५० लाग्ने | |

अनुसूची - ३

(दफा ४ को उपदफा (२) संग सम्वन्धित)

**घर जग्गा बहाल करको दर**

| घर तथा जग्गा भाडामा लिने | वार्षिक करको दर | कैफियत |
|---|---|---|
| १) घर जग्गा बहाल कर | बुझिलिएको भाडा रकमको १० प्रतिशत | |

अनुसूची - ४

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

**ब्यबसाय कर**

क. निम्न व्यावसायमा निम्नानुसार बार्षिक व्यावसाय कर लिईनेछ ।

| क्र.सं | व्यवसायको किसिम | ब्यावसाय कर | |
|---|---|---|---|
| **१.** | **पूजि लगानीको आधारमा** | **दर्ता दस्तुर** | **नविकरण दस्तुर** |
| १.१ | एक लाख सम्म पुंजी लगानी भएका | १००० | ५०० |
| १.२ | एक लाख देखि पाँच लाख सम्म | २००० | १००० |
| १.३ | रु पाँच लाख देखि वीस लाख सम्म | ५००० | १५०० |
| १.४ | रु वीस लाख देखि पचास लाख सम्म | १०००० | ३००० |
| १.५ | रु पचास लाख देखि एक करोड सम्म | २०००० | ५००० |
| १.६ | रु एक करोड भन्दा माथि | ३०००० | ८००० |
| **२.** | **विविध उद्योग, सेवा, (पूजीं जति भएता पनि) दर्ता/ सुचिकृत/बार्षिक कर** | **दर्ता / सुचिकृत /शिफारिस** | **वार्षिक कर** |
| २.१ | सिमेन्ट उद्योग | १०००००० | ५००००० |
| २.२ | स्थानीय कच्चा पदार्थ उपयोग गरि संचालित इट्टा उद्योग | २०००० | १०००० |

| | | | |
|---|---|---|---|
| २.३ | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग (फिरफिरे) | ५0000 | २५000 |
| २.४ | आसफाल्ट प्लान्ट | १00000 | ५0000 |
| २.५ | अन्य प्लान्ट | ३0000 | २0000 |
| २.६ | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग (क्रशर) | १00000 | ५0000 |
| २.७ | बिद्युतिय सवारी चार्जिङ स्टेशन | १५000 | १0000 |
| २.८ | ग्यास रिफिलिङ उद्योग | १00000 | ५0000 |
| २.९ | क वर्गका वित्तिय सस्था | १५000 | १५000 |
| २.१० | ख वर्गका वित्तिय सस्था | १२000 | १२000 |
| २.११ | ग वर्ग तथा सो भन्दा साना वित्तिय सस्था | १0000 | १0000 |
| २.१२ | लघुवित्त (वित्तिय सस्था) | ८000 | ८000 |
| २.१३ | विमा कम्पनीर मुद्रा सटही | ८000 | ८000 |
| २.१४ | खानी संचालन दर्ता अनुमति सिफारिस दस्तुर | ५0000 | ५0000 |
| २.१५ | घ बर्ग निर्माण व्यावसाय ईजाजत | १0000 | ५000 |
| २.१६ | घर नक्शा निर्माण प्रयोजनका कन्सल्टेन्ट सुचिकृत | ३000 | २000 |
| २.१७ | साना कुटानी पिसानी मिल (ब्यावसायिक) वडा कार्यालयमा सुचिकृत | १00 | १00 |
| **३.** | **कम्पनी रजिष्टारको कार्यालय तथा घरेलु कार्यालयमा दर्ता भै यस कार्यालयमा सुचिकृत फर्महरु** | **दर्ता/सुचिकृत** | **नविकरण** |
| ३.१ | रु २० लाख सम्म पूँजी भएका फर्म | १५00 | १000 |
| ३.२ | रु २० लाख १ देखि ५० लाख सम्म पूँजी भएका फर्म | ४000 | २५00 |
| ३.३ | रु ५० लाख १ देखि १ करोड सम्म पूँजी भएका फर्म | ६000 | ४000 |
| ३.४ | रु १ करोड १ देखि माथी पूँजी भएका फर्म | ८000 | ५000 |
| ४ | व्यावसायको नामसारी, ठाउँसारी, प्रतिलिपी, खारेजी वापत रु ५०० शुल्क लिईनेछ । | | |
| ५ | व्यावसायको नाम परिवर्तन गरिएको खण्डमा दर्ता शुल्कको ५० प्रतिशत शुल्क लिईनेछ । | | |
| ६ | व्यावसायले तोकिएको समयमा नविकरण नगरी म्याद पछि नविकरण गर्न आएमा पहिलो १ वर्ष सम्म १० प्रतिशत, २ वर्षसम्म २० प्रतिशत र सो भन्दा वढी दोव्वर दस्तुर लाग्नेछ | | |

अनुसूची - ५

(दफा ६ को उपदफा (१) संग सम्वन्धित)

## जडिबुटी, कवाडी र जीवजन्तु करको दर

| **क.स** | **सामानको नाम** | **ईकाइ** | **दर** | **कैफियत** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | पुरानो उन, उनको टुक्रा | प्रति के.जी | ०.५० | |
| २ | वियर, कोक, पेप्सीका बोतल | प्रति गोटा | ०.५० | |
| ३ | अन्य बोतल, सिसा | | | |
| | (क)क्वाटर | प्रति गोटा | ०.२० | |
| | (ख)हाफ | प्रति गोटा | ०.५० | |
| | (ग) फुल | प्रति गोटा | १।- | |
| | (घ) फुटेको सिसा | प्रति गोटा | ०.५० | |
| ४ | पुरानो फलाम तथा स्टिल स्क्रयाप, | | | |
| | (क)पुरानो फलाम | प्रति के.जी | १।- | |
| | (ख)स्टिल स्क्रयाप, | प्रति के.जी | १.५० | |
| ५ | पुरानो कागज | प्रति के.जी | ०.५० | |
| ६ | पुरानो टायरब्युट | प्रति के.जी | ०.५० | |
| ७ | थोत्रो टिन, जस्ताको टिनको बट्टा | प्रति के.जी | ०.५० | |
| ८ | पुरानो ड्रम | प्रति लिटर | ०.१५ | |
| ९ | (क) जुट र प्लाष्टिकको बोरा ५० के.जीसम्म | प्रति गोटा | ०.१५ | |
| | (ख) जुट र प्लाष्टिकको बोरा ५० के.जीसम्म | प्रति गोटा | ०.५० | |
| १० | प्लाष्टिकजन्य वस्तु, पुराना भाँडा चप्पल, जुत्ता, | प्रति के.जी | १।- | |
| ११ | छाला, हाड, सिङ, प्वाँख | प्रति के.जी | १।- | |
| १२ | जलेको मोविल | प्रति लिटर | १।- | |
| १३ | पुरानो पित्तल | प्रति के.जी | ३।- | |
| १४ | तामा | प्रति के.जी | ३.५० | |
| १५ | ढलोट | प्रति के.जी | ६।- | |
| १६ | काम नलाग्ने मेशिनरी औजार | प्रति के.जी | ०.७५ | |
| १७ | पोलिथिन पाइपको पुरानो टुक्रा | प्रति के.जी | ०.५० | |
| १८ | पुरानो ब्याट्री | प्रति के.जी | १।- | |
| १९ | गार्मेन्ट कपडाको टुक्रा | प्रति के.जी | ०.५० | |
| २० | फलाम उद्योगबाट निस्केको फलामको धुलो | प्रति के.जी | ०.५० | |
| २१ | कार्पेटको टुक्रा | प्रति के.जी | १।- | |
| २२ | अन्य कवाडी सामान | प्रति के.जी | ०.५० | |
| २३ | कार्टुन | प्रति के.जी | ०.५० | |
| २४ | आल्मुनियम स्क्रयाप | प्रति के.जी | १.५० | |

अनुसूची - ६

(दफा ७ को उपदफा (२) संग सम्वन्धित)

**सवारी साधन करको दर**

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नविकरण गर्दा लाग्ने करको दर निम्नअनुसार हुनेछः

| क्र.सं. | सवारीको किसिम | दर्ता तथाइजाजत | वार्षिक कर |
|---|---|---|---|
| १ | अटोरिक्सा | रु.१५००।- | रु.२०००।- |
| २ | विद्युतीय रिक्सा | रु.१५००।- | रु.२०००।- |
| ३ | रिक्सा तथा ठेला | रु.५००।- | रु.१०००।- |

अनुसूची - ७

(दफा ८ को उपदफा (२) संग सम्वन्धित)

**विज्ञापन करको दर**

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएका विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिने छः

| **क्र.सं.** | **विवरण** | **दर (रू.) मा** |
|---|---|---|
| १. | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड र अन्य साइनबोर्ड प्रतिवर्ग फिट | २०० |
| २. | वाल पेन्ट विज्ञापन प्रतिवर्ग फिट | ५ |
| ३. | व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | १०० |

नोटः

(१) गाउँपालिका क्षेत्रभित्र निजी सम्पत्तीको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ ।

(२) गाउँपालिकाको इजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रीम सूचना विना हटाउन सक्नेछ ।

(३) पसलहरुमा राखिने परिचयपाटी (व्यवसाय प्रमाणपत्रमा तोकिएको ढाँचा तथा साईज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचयपाटिमा विज्ञापन मूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।

(४) सुर्ति एवं मदिरा जन्य विज्ञापनमा थप ५० प्रतिशत विज्ञापन कर लगाईने छ ।

अनुसूची - ८

(दफा १०को उपदफा (२) संग सम्बन्धित)

**बहाल बिटौरी शुल्कको दर**

गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति रनिङ फिट रु. २० का दरले मासिक वहाल विटौरी शुल्क लिइनेछ ।

अनुसूची - ९

(दफा ११को उपदफा (१) संग सम्वन्धित)

**ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्ल्यायर तथा र्‍याफ्टिङ्गशुल्कको दर**

१. ट्रेकिङ, कोयोडिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर शुल्क - प्रति ब्यक्ति रु ५०
२. र्‍याफ्टीङ शुल्क - प्रति ब्यक्ति रु ५०
३. अन्य मेला/ महोत्सव -प्रति टिकट १० प्रतिशत

अनुसूची - १०
(दफा १२ को उपदफा (१) संग सम्वन्धित)
**पूर्वाधार सेवाको उपयोग सेवा शुल्कको दर**

१. छ पाङ्ग्रे वा सो भन्दा ठूला मालबाहक ट्रक, लहरी लगायत निजी तथा सार्वजनिक ठुला सवारी साधन (आवत अथवा जावतमा) - प्रति पटक रु १५०
२. छ पाङ्ग्रे भन्दा साना सवारी साधन, बस, ट्याक्टर लगायत निजी तथा सार्वजनिक सवारी साधन (आवत अथवा जावतमा) - प्रति पटक रु ५०

नोटः एम्बुलेन्स, सरकारी, कुटनैतिक नियोग, विद्यालयका तथा दुई पांग्रे सवारी साधनमा कर लाग्ने छैन् ।

अनुसूची - ११
(दफा १३ को उपदफा (१) संग सम्वन्धित)
**सडक उपयोग तथा सरसफाई शुल्कको दर**

| **सि.नं.** | **प्राकृतिकश्रोत** | **प्रति टिपर, दर** | **प्रति ट्र्याक्टर दर** |
|---|---|---|---|
| १ | चुनढुङ्गा, डोलामाइट | ३५० | १४० |
| २ | हलुका व्लक (मलेखु) | १००० | ४०० |

अनुसूची - १२
(दफा १४ को उपदफा (१) संग सम्वन्धित)
**सेवाशुल्क दस्तुरको दर**

**क. सेवा शुल्क**

| **सि.नं.** | **सेवाको किसिम** | **दर (रु.)** |
|---|---|---|
| १. | सर्जमिन वापत (आर्थिक कारोवार संग सम्वन्धित मात्र) | ३०० |
| २. | अचल सम्पत्ती मूल्याकंनमा मूल्याङ्कन अंकको | ०.०८ प्रतिशत |
| ३. | स्थलगत प्राबिधिक सेवा शुल्क | २००० |
| ४. | जग्गाको फिल्ड नाप जाँच प्रति कित्ता | ३००० |

**ख. फोहर मैला व्यवस्थापन शुल्क (प्रति महिना)**

| **क्र.सं.** | **विवरण** | **मासिक शुल्क** |
|---|---|---|
| १ | एक परिवार बस्ने घर साढे दुई तला सम्म | १०० |

| | | |
|---|---|---|
| २ | साढे दुई तला भन्दा माथी प्रति तला थप | ५० |
| ३ | सरकारी/सार्वजनिक कार्यालय | १०० |
| ४ | साना उद्योग कलकारखाना | ५०० |
| ५ | ठुला उद्योग कलकारखाना | १००० |
| ६ | राजमार्ग क्षेत्रमा बस/माईक्रो बस रोकेर खाना खुवाउने होटेलहरु | ७०० |
| ७ | अन्य होटल रेष्टुरेन्ट | ५०० |
| ८ | साना/ठुला ब्यबसाय सबै प्रकारको | १५० |
| ९ | निजि क्लिनिक, फार्मेसी | ५०० |
| १० | निजि क्लिनिक, फार्मेसी ल्याब सहित | ७०० |
| ११ | अस्पताल, नर्सिंङ होम, शिक्षण अस्पताल (हानिकारक फोहोर सम्बन्धीत संस्था आफैले ब्यवस्थापन गर्ने) | १००० |
| १२ | माछा, मासु पसल ब्यबसाय बधसाला नभएको | ५०० |
| १३ | बधसाला सहित माछा मासु पसल ब्यबसाय | १००० |
| १४ | सामुदायिक विद्यालय, क्याम्पस | २०० |
| १५ | संस्थागत विद्यालय | ४०० |
| १६ | अन्य संघ संस्थाका कार्यालयहरु | ४०० |
| १७ | गाउँपालिका भित्र शाखा रहेका बैंकहरु | ५०० |
| १८ | तरकारी संकलन केन्द्र चरौंदी | १००० |
| १९ | अन्य तरकारी संकलन केन्द्रहरु | ३०० |

**ग. संस्था दर्ता नविरण**

| सि.नं. | सेवाको किसिम | दर्ता | नविकरण/सिफारिस |
|---|---|---|---|
| १ | कृषक समुह टो.वि.स.दर्ता/नवकिरण | ३०० | १०० |
| २ | उपभोक्ता समिति, सहकारी सस्था दर्ता/नविकरण | १००० | ३०० |
| | आमा समुह/महिला समुह जस्ता सेवा मुलक सस्था दर्ता/ नविकरण | १००० | ३०० |
| ३ | नफामूलक संस्था दर्ता/नविकरण सिफारिस | १५०० | १००० |
| ४ | निजी विद्यालय दर्ता/कक्षा थपको सिफारिस | १००० | ० |
| ५ | सामाजिक संघ संस्था दर्ता, नविकरण तथा सिफारिस | २५०० | १००० |

अनुसूची - १३

(दफा १५ को उपदफा (१) र (२) संग सम्बन्धित)

## नक्सापास दस्तुर

| सि.नं. | विवरण | प्रतिवर्ग फिट रकम रु. |
|---|---|---|
| १. | नक्सापास निवेदन फारम दस्तुर | ५०० |
| २. | पृथ्वी राजमार्गमा जोडिएका पक्की घर तथा ब्यवसायीक संरचना | ६ |
| ३. | राजमार्ग देखि १ कि.मी सम्म पक्की घर प्रति वर्ग फिट दस्तुर | ५ |
| ४. | ब्यवसायीक संरचना (कच्ची) | ३ |
| ५. | राजमार्ग देखि १ कि.मी सम्म कच्चि घर प्रति वर्ग फिट दस्तुर | २ |
| ६. | राजमार्ग देखि १ कि.मी वाहिर पक्की घर प्रति वर्ग फिट दस्तुर | ३ |
| ७. | राजमार्ग देखि १ कि.मी वाहिर कच्चि घर प्रति वर्ग फिट दस्तुर | १ |
| ८. | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | १००० |
| ९. | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु परेमा एकमुष्ट | १००० |
| १०. | घर नक्सा नामसारी एकाघर पक्कि घर | २००० |
| ११. | घर नक्सा नामसारी एकाघर कच्चि घर | ८०० |
| १२. | घर जग्गा बिक्रीपछिको नामसारी | ५००० |
| १३. | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | १००० |
| १४. | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | ५०० |
| १५. | घर नक्शा संशोधन | ३००० |
| १६. | अस्थायी टहरा निर्माणको इजाजत (व्यावसायिक) | १००० |
| १७. | नक्शापास स्थलगत निरिक्षण | ५०० |
| १८. | नक्शा पास प्रतिलिपी | ५०० |
| १९. | सार्वजनिक भवन नक्सापास दस्तुर | ० |

अनुसूची - १४

(दफा १६ को उपदफा (१) संग सम्बन्धित)

## सिफारिस तथा प्रमाणित दस्तुर

| सि.नं. | सेवाको किसिम दस्तुर शुल्क | दस्तुर |
|---|---|---|
| १. | **घरवाटो साँध सिमाना प्रमाणित** | |
| | क. राजमार्ग क्षेत्र तथा पक्की सडक एक कित्ताको | ५०० |
| | ख. थप प्रति कित्ता | १०० |
| | ग. कच्चि सडकमा जोडिएको जग्गा एक कित्ताको | ३०० |

| | | |
|---|---|---|
| | घ. थप प्रति कित्ता | ६० |
| | ङ. अन्य क्षेत्र एक कित्ताको | २५० |
| | च. थप प्रति कित्ता | ५० |
| २. | नागरिकता प्रमाणपत्र प्रतिलिपी सिफारिस | २०० |
| ३. | अंगिकृत नागरिकता सिफारिस | ५०० |
| ४. | गैर आवासीय नागरिकता सिफारिस | ५००० |
| ५. | जग्गा नामसारी सिफारिस | ३०० |
| ६. | नाम, थर संशोधनसिफारिस | २०० |
| ७. | घर कायम (पक्की घर) सिफारिस | |
| | क. १००० वर्ग फिट सम्म | १००० |
| | ख. १००० देखि २००० वर्ग फिट सम्म | १५०० |
| | ग. २००० देखि ३००० सम्म | २००० |
| | घ. ३००० देखि ४००० सम्म | ४००० |
| | ङ. सो भन्दामाथि | ६००० |
| ८. | घर कायम (कच्ची घर) | २०० |
| ९. | छुट जग्गादर्ताको सिफारिस दस्तुर (१ रोपनी ) | १००० |
| | थप प्रति रोपनी | १०० |
| १०. | विवाह दर्ता सिफारिस (विदेशीसँग) | १००० |
| ११. | नाता प्रमाणित दस्तुर | २०० |
| १२. | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १००० |
| १३. | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २०० |
| १४. | मोही नामसारी सिफारिस | २०० |
| १५. | आयश्रोत प्रमाणित सिफारिस | ५०० |
| १६. | रुख काट्ने सिफारिस क) खयर प्रति गोटा | ५०० |
| | ख. अन्य काठ प्रति गोटा (दाउरा प्रयोजन) | ५० |
| १७. | नेपाली पेन्सनपट्टा सम्बन्धीसिफारिस ५००।- | |
| १८. | अन्य मुलुकको पेन्सनपट्टा सम्बन्धीसिफारिस | १००० |
| १९. | अपुताली सिफारिस | १००० |
| २०. | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २०० |
| २१. | अंग्रेजीमा सिफारीस | ५०० |
| २२. | **चार किल्ला प्रमाणित सिफारिस** | |
| | क. राजमार्ग क्षेत्र एक कित्ताको | ५०० |
| | ख. थप प्रति कित्ता | १०० |
| | ग. कच्चि सडकमा जोडिएको जग्गा एक कित्ताको | ३०० |
| | घ. थप प्रति कित्ता | ६० |

| | | |
|---|---|---|
| | ङ. अन्य क्षेत्र एक कित्ताको | २५० |
| | च. थप प्रति कित्ता | ५० |
| २३. | कन्सुलर प्रमाणित (बेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका तथा वडा कार्यालयबाट तयार कागजात प्रमाणित बाहेक) | ५०० |

अनुसूची - १५

(दफा १७ को उपदफा (१) संग सम्बन्धित)

**पञ्जिकरण दस्तुर**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद) क. ३५ दिन सम्म | निशुल्क |
| | ख. ३५ दिनपछि | २०० |
| २ | व्यक्तिगत घटना प्रतिलिपी (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद) | ५०० |

अनुसूची - १६

(दफा १८ को उपदफा (१)संग सम्वन्धित)

**दहत्तर बहत्तर शुल्क**

| सामग्रीहरु | इकाई | विक्री दर रु |
|---|---|---|
| ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल, माटो दहत्तर बहत्तर | प्रति घनफिट | प्रदेश कानुन अनुसार |

अनुसूची - १७

(दफा १८ को उपदफा (२)संग सम्बन्धित)

**बिक्री दर**

| सि.नं. | सामग्रीहरु | इकाई | विक्री दर रु |
|---|---|---|---|
| १. | गाउँपालिका क्षेत्रमा उत्पादन भै विक्री हुने इट्टा | प्रति गोटा | ०।२५ |
| २. | वोलपत्र वा दरभाउपत्र फाराम | प्रतिगोटा | सार्वजनिक खरिद नियमावली अनुसार |
| ३. | योजना पुस्तिका | प्रतिगोटा | रु ५०० |

**अनुसूची१-८**

दफा १८ को उपदफा (३)संग सम्बन्धित)

**बाखा तथा मलको बिक्री दर**

| क्र.स. | विवरण | एकाइ | मूल्य | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | शुद्ध सानन् बोका(%१००) पाठा/ | के.जी. | १००० | |
| २. | शुद्ध सानन् बाख्रा (%१००) पाठी/ | के.जी. | ८०० | |
| ३. | सानन् क्रस बोका(%७५-%५०) पाठा/ | के.जी. | ५०० | |
| ४. | सानन् क्रस बाख्रा (%७५-%५०) पाठी/ | के.जी. | ४०० | |
| ५. | शुद्ध बोयर बोका(%१००) पाठा/ | के.जी. | २००० | |
| ६. | शुद्ध बोयर बाख्रा(%१००) पाठी/ | के.जी. | २००० | |
| ७. | बोयर क्रस बोका-%५०) पाठा/७५(% | के.जी. | ७०० | |
| ८. | बोयर क्रस बाख्रा(%७५-%५०) पाठी/ | के.जी. | ५०० | |
| ९. | खसी | के.जी. | ५७५ | |
| .ज्ञण | खरी बोका(%१००) पाठा/ | के.जी. | ५५० | |
| ११. | खरी बाख्रा(%१००) पाठी/ | के.जी. | ४०० | |
| १२. | स्थानीय क्रस पाठा/बोका (%७५-%५०) | के.जी. | ४५० | |
| १३. | स्थानीय क्रस पाठी/बाख्रा (%७५-%५०) | के.जी. | ३५० | |
| १४. | कलिङ् बोका | के.जी. | ५०० | |
| १५. | कलिङ् बाख्रा | के.जी. | २०० | |
| १६. | बाख्राको मल | के.जी. | ५ | |
| १६. | बोका प्रजननको लागि प्रयोग गरेको | पटक | १०० | |

अनुसूची - १९

(दफा १९ को उपदफा (१) संग सम्वन्धित)

**सम्पत्ति भाडाको दर**

| **क्र.सं.** | **सम्पत्ती** | **भाडा दर रु** |
|---|---|---|
| १ | ब्याकहो लोडर प्रतिघण्टा (इन्धन बाहेक) | १००० |
| २ | सभाहल (प्रतिदिन) | ३००० |
| ३ | प्रोजेक्टर (प्रतिदिन) | ५०० |
| ४ | राजमार्ग आसपासको सार्वजनिक जग्गा (प्रति रोपनी मासिक) | ५००० |
| ५ | अन्य सार्वजनिक जग्गा (प्रति रोपनी मासिक) | १००० |

अनुसूची - २०

(दफा २० को उपदफा (१) संग सम्वन्धित)

**दण्ड जरिवानाको दर**

| **क्र.सं.** | **कसुर** | **दण्ड जरिवाना (रु.)** |
|---|---|---|
| १ | चालु आ.ब. भित्र मालपोत, सम्पत्ती कर, व्यवसाय कर, सवारी कर, विज्ञापन कर तथा जडिबुटी, कवाडी, जिवजन्तु कर नतिरेमा | पहिलो वर्षको लागि १५ प्रतिशत, दोस्रो वर्ष २५ प्रतिशत र त्यसदेखि माथि |

| | | |
|---|---|---|
| | | दोब्बर |
| २ | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा बिक्रीको अनुमति प्राप्त गर्ने ब्यवसायी वा संस्थाले सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन वा बिक्री गरेमा | उत्खनन् भएको परिमाण जफत गरी प्रति घन फिट रु १५ जरिवाना |
| ३ | आ.व. २०८२/०८३ देखि नक्सापास नगरी निर्माण कार्य गरेमा | कूल लाग्ने राजश्वको २५ प्रतिशत |
| ४ | दर्ता नभई गाउँ गाउँ सम्म सामान वेच्ने झोले पोके | पटके रु १००० |
| ४ | जथाभावी फोहोर मैला निष्काशन गरेमा | पहिलो पटक रु. २०० त्यसपछि हरेक पटक दोब्बर |
| ५ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ ब्यवसाय संचालन गरेमा | १००० |
| ६ | गाउँपालिकाले निषेध गरेका कृयाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निणर्य गरे बमोजिम रु. १,००,००० सम्म |
| ७ | गाडीबाट फोहर फालेमा (प्रति पटक) | १०० |

**आज्ञाले**

**नर्बदा घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**